# विपद् पीडित उद्धार तथा राहत वितरण सम्बन्धी कार्यविधि, २०७९

स्वीकृत मिति:- २०७९/६/१२

प्राकृतिक विपद्मा परी मानवीय तथा भौतिक क्षति पुगेका व्यक्ति, परिवार वा संस्थामा कार्यरत व्यक्तिलाई उद्धार तथा राहत उपलब्ध गराउने कार्यलाई सरल, सहज, पारदर्शी र प्रभावकारी बनाई विपद् राहत वितरण कार्यलाई व्यवस्थित र प्रभावकारीरुपमा सञ्चालन गर्न वाञ्छनीय भएकोले,

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४, को दफा ४८ ले दिएको अधिकार प्रयोग गरी कर्णाली प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस कार्यविधिको नाम "विपद् पीडित उद्धार तथा राहत वितरण सम्वन्धी कार्यविधि, २०७९" रहेको छ।

(२) यो कार्यविधि कर्णाली प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिले स्वीकृत गरेको मितिदेखि प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कार्यकारी समिति" भन्नाले कर्णाली प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम ६ बमोजिमको कर्णाली प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति सम्झनु पर्छ।

(ख) "पीडित" भन्नाले कर्णाली प्रदेशभित्र प्राकृतिक विपद्को घटनाबाट मानवीय वा भौतिक क्षति पुगेको व्यक्ति वा परिवार सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्छ।

(घ) "राहत" भन्नाले विपद्मा परी मानवीय वा भौतिक क्षति पुगेको व्यक्ति वा परिवारलाई प्रदेश सरकारले प्रदान गर्ने नगद वा जिन्सी सेवा सुविधा वा उद्धार वा उपचार लगायतका सहायता सम्झनु पर्छ।

(ङ) "विपद्" भन्नाले कर्णाली प्रदेश विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम २ को खण्ड (ङ) बमोजिमको प्राकृतिक विपद् सम्झनु पर्छ।

कर्णाली प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय वीरेन्द्रनगर, सुर्खेत

CamScanner

## परिच्छेद-२

### विपद् व्यवस्थापन पूर्व तयारी

३. <u>विपद् व्यवस्थापनको पूर्व तयारी:</u> (१) मन्त्रालय, जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय तहको विपद् व्यवस्थापन समितिले आ-आफ्नो क्षेत्रभित्र विपद् पूर्वको तयारी गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिनिम विपद् व्यवस्थापनको पूर्व तयारी गर्दा पूर्व सूचना प्रणालीलाई प्रभावकारी वनाई जनधनको क्षति न्यूनीकरण गर्न खोज उद्धारमा प्रयोग हुने सामग्रीको भण्डारण गरी राख्ने, पूर्व सूचनालाई विभिन्न माध्यमबाट तत्काल जनसमक्ष पुऱ्याउने, विपद्को दैनिक अवस्था प्रतिवेदन प्रकाशन गर्ने, विभिन्न होर्डिङ्ग बोर्ड लगायतका माध्यमबाट सचेतना जगाउन क्रियाकलाप सञ्चालन गर्नुपर्नेछ।

(३) मन्त्रालय, जिल्ला प्रशासन कार्यालय र स्थानीय तहले विपद् व्यवस्थापन सम्वन्धी जनचेतना अभिवृद्धि गर्ने, क्षमता अभिवृद्धि गर्ने, तालिम प्रदान गर्ने र तालिम प्राप्त जनशक्तिको सूची तयार गर्ने, राहत सामग्रीको तथ्याङ्क राख्ने र विपद्का समयमा त्यस्ता सामग्रीको सहज उपयोग हुन सक्ने व्यवस्था मिलाउनु पर्नेछ।

(४) विपद्को समयमा पीडित परिवारलाई सुरक्षित स्थानमा राखी स्वास्थ्य सेवा लगायत आवश्यक सेवा प्रदान गर्न शिविर सञ्चालन गर्नु पर्ने अवस्था समेतको आंकलन गरी मन्त्रालय, जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिले आपसी समन्वयमा कार्य सम्पादन गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(५) जोखिममा परेका बस्तीको पहिचान गरी त्यस्ता बस्तीको संरक्षण तथा बस्ती स्थानान्तरणका सम्वन्धमा जोखिम संवेदनशील भू-उपयोग योजना लागू भएकोमा सो अनुरुप र यस्तो योजना नभएको अवस्थामा सुरक्षित स्थान पहिचान गरी कार्यकारी समिति र जिल्ला विपद् व्यवस्थापन समितिले अस्थायी व्यवस्थापनको योजना तयार गर्नुपर्नेछ।

४. <u>जनशक्ति व्यवस्थापन:</u> स्वीकृत कार्यक्रमको परिधिभित्र रही मन्त्रालयले सम्बन्धित जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिसँग समन्वय गरी प्रत्येक जिल्लाभित्र विपद्को समयमा उद्धार र प्राथमिक उपचारको कार्यका लागि आवश्यक खोज तथा उद्धारकर्मी सहितको जनशक्ति व्यवस्थापन गर्नुपर्नेछ।

CamScanner

५. विपद् उद्वार सामग्री भण्डारणको व्यवस्था: कार्यकारी समितिले विपद् उद्वार कार्यमा आवश्यक पर्ने सामग्री सम्बन्धित जिल्लाभित्र भण्डारणको लागि मन्त्रालय, जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिसँग समन्वय गरी आवश्यक व्यवस्था गर्नु पर्नेछ।

६. विपद् उद्वार सामग्री ढुवानीको व्यवस्था: (१) मन्त्रालय, सम्बन्धित जिल्ला प्रशासन कार्यालय र स्थानीय तहले आपसी समन्वयमा विपद् उद्वार तथा राहतका सामग्री भण्डारण केन्द्रबाट पीडित भएको क्षेत्रसम्म ढुवानी गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम ढुवानी गर्दा सम्भव भएसम्म सडक यातायात पुगेको ठाँउमा सडक सवारी साधनको प्रयोग गर्नुपर्नेछ। यस्तो अवस्थामा सम्भव भएसम्म सार्वजनिक निकायमा रहेको सवारी साधनको प्रयोगलाई प्राथमिकता दिनु पर्नेछ।

(३) सडक यातायात नपुगेको वा सडक यातायात अवरोध भएको अवस्थामा विपद् घटेको स्थानसम्म आपतकालिन विपद् उद्वार राहत सामग्री ढुवानी गर्न मन्त्रालयले मितव्ययी ढङ्गले उपयुक्त र छरितो साधनको प्रयोग समेत गर्न सक्नेछ।

(४) सम्बन्धित जिल्ला प्रशासन कार्यालय र स्थानीय तहले आफ्नै खर्चमा विपद् उद्वार तथा राहत सामग्री ढुवानीको लागि मितव्ययी ढङ्गले उपयुक्त र छरितो साधनको प्रयोग गर्न सक्नेछ।

## परिच्छेद-३

## विपद् उद्वार, प्राथमिक उपचार, तत्काल राहत र अस्थायी बसोबास सम्बन्धी व्यवस्था

७. विपद् उद्वार कार्य: (१) विपद् उद्वार कार्यमा दफा ४ बमोजिमका जनशक्तिलाई जिल्ला विपद् व्यवस्थापन समितिले विपद् उद्वारका कार्यमा परिचालन गर्न सक्नेछ।

(२) उद्वार कार्यमा थप जनशक्ति आवश्यक परेमा मन्त्रालय र सम्बन्धित जिल्ला प्रशासन कार्यालयले सुरक्षा निकायसँग आवश्यक समन्वय गरी जनशक्तिको व्यवस्थापन गर्नुपर्नेछ।

८. प्राथमिक उपचारको व्यवस्था गर्नुपर्ने: (१) विपद्मा परी घाइते भएका पीडितलाई प्राथमिक उपचारको लागि आवश्यक व्यवस्था मिलाउने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ।

(२) उपदफा (१) बमोजिम प्राथमिक उपचार गरेको घाइतेको अवस्था गम्भीर भएमा स्थानीय तह वा जिल्ला प्रशासन कार्यालयले आपसी समन्वयमा एम्बुलेन्स वा अन्य साधनबाट स्वास्थ्य संस्थासम्म पुऱ्याउने व्यवस्था मिलाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम घाइतेको अवस्था गम्भीर भई स्थानीय स्वास्थ्य संस्थामा उपचार हुन नसक्ने र तत्काल उपचार नभएमा घाइते व्यक्तिको ज्यान जानसक्ने भई थप सुविधा भएको स्वास्थ्य संस्थामा लगि उपचार गर्नुपर्ने भनी सम्बन्धित स्वास्थ्य संस्था वा स्थानीय तहले जिल्ला प्रशासन कार्यालय मार्फत सिफारिस गरेमा मन्त्रालयले उपयुक्त यातायातको साधनबाट उपचार स्थलसम्म लैजाने व्यवस्था मिलाउन सक्नेछ।

९. तत्काल राहत उपलब्ध गराउनु पर्ने: (१) जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिले विपद् पीडितलाई तत्काल आवश्यक पर्ने खाद्य तथा गैह्र खाद्य राहत सामग्री उपलब्ध गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम उपलब्ध गराईने राहत सामग्रीको व्यवस्थापनमा मन्त्रालयले स्थानीय तह र जिल्ला प्रशासन कार्यालयलाई आवश्यक सहयोग गर्न सक्नेछ।

१०. अस्थायी बसोबासको व्यवस्था मिलाउनु पर्ने: विपद्का कारण आफ्नो बसोबास स्थल गुमाएका घर परिवारका सदस्यलाई जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिले कार्यकारी समितिको समन्वयमा दफा ३ को उपदफा (५) बमोजिमको स्थानमा अस्थायी बसोबासको व्यवस्था मिलाउनु पर्नेछ।

११. क्षतिको विवरण संकलन गर्नुपर्ने: विपद्को घटना घटेपछि सम्बन्धित जिल्ला प्रशासन कार्यालयले स्थानीय तहको सहयोगमा तत्काल जनधनको क्षतिको पूर्ण विवरण संकलन गर्नु पर्नेछ।

## परिच्छेद-४

## राहत वितरण सम्बन्धी व्यवस्था

१२. निवेदन दिनु पर्ने: विपद्को घटनाबाट पीडित व्यक्ति वा निजको हकवालाले दफा १५ बमोजिमको राहत प्राप्त गर्नका लागि अनुसूची-१ बमोजिमको ढाँचामा सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा विपद्को घटना घटेको साठी दिनभित्र निवेदन दिनुपर्नेछ।

१३. विवरण मन्त्रालयमा पठाउनु पर्ने: (१) दफा १२ बमोजिम पेस भएको निवेदन सम्बन्धित जिल्ला प्रशासन कार्यालयले अनुसूची- २ बमोजिमको ढाँचामा विवरण तयार गरी मन्त्रालयमा पठाउनु पर्नेछ।

CamScanner

(२) उपदफा (१) बमोजिमको तयार गर्दा दफा ११ बमोजिमको क्षतिको विवरण, दफा १२ बमोजिमको निवेदन, प्रहरी मुचुल्का, स्वास्थ्य संस्थाबाट जारी भएको बिल भरपाईको विवरण र स्थानीय तहको सिफारिस, जिल्ला विपद् व्यवस्थापन समितिले गरेको निर्णय लगायतका कागजातका आधारमा तयार गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमका कागजात संकल गर्दा पीडित व्यक्तिले पेस गरेको बाहेकका कागजात (प्रहरी मुचुल्का, स्थलगत प्रतिवेदन, लास जाँच प्रतिवेदन) जिल्ला प्रशासन कार्यालयले सम्बन्धित जिल्ला प्रहरी कार्यालय मार्फत संकलन गर्नु पर्नेछ।

१४. <u>रकम उपलब्ध गराउनु पर्ने:</u>बमोजिम (१) को विवरण प्राप्त भएपछि मन्त्रालयले दफा 1७ बमोजिम जिल्ला प्रशासन कार्यालयको खातामा यस कार्यविधिमा तोकिए बमोजिमको रकम उपलब्ध गराउनु पर्नेछ।

(२) यस कार्यविधिमा उल्लिखित प्राकृतिक विपद्का घटनाका कारणबाट क्षति पुगेका पीडितलाई दफा १५ को अधीनमा रही राहत रकम प्रदान गर्नुपर्नेछ।

तर आगलागीका घटनाका सम्बन्धमा जिल्ला विपद् व्यवस्थापन समितिले राहत उपलब्ध गराउन आवश्यक छ भनी निर्णय गरेमा यस कार्यविधिमा उल्लिखित सीमाभित्र रही राहत रकम उपलब्ध गराउन सकिनेछ।

१५. <u>राहत रकम प्रदान गरिने आधार र सीमा:</u> (१) विपद् पीडितलाई देहाय वमोजिमको आधार र सीमा भित्र रही जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय बमोजिम जिल्ला प्रशासन कार्यालय मार्फत राहत रकम उपलब्ध गराउनु पर्नेछः-

(क) विपद्मा परी परिवारका सबै सदस्यको मृत्यु भएमा कानून बमोजिम नजिकको हकवालालाई काजकिरिया खर्च बापत एकमुष्ठ पचास हजार रुपैयाँ,

(ख) विपद्मा परी परिवारको कुनै सदस्यको मृत्यु भएमा प्रचलित कानून बमोजिम नजिकको हकवालालाई काजकिरिया खर्च बापत प्रति मृतक पच्चीस हजार रुपैयाँ,

(ग) विपद्मा परी गम्भीर घाइते हुनेको हकमा सरकारी अस्पतालमा उपचार गराउँदा उपचार गरेको प्रमाण पेस भएपश्चात् उपचार तथा यातायात खर्च बापत हुम्ला, डोल्पा र मुगु जिल्लाको हकमा प्रति व्यक्ति पचास हजार रुपैयाँ र अन्य जिल्लाको हकमा प्रति व्यक्ति तीस हजार रुपैयाँ,

(घ) पीडित बसोबास गर्दै आएको आवास विपद्का कारण पूर्ण रुपमा क्षति भई बस्न नमिल्ने भएको अवस्थामा घर निर्माण गर्ने प्रयोजनका लागि हुम्ला, डोल्पा र मुगु जिल्लाको हकमा बढीमा दुई लाख रुपैयाँ र अन्य जिल्लाको हकमा बढीमा एक लाख पचास हजार रुपैयाँ,

तर यस्तो रकम नेपाल सरकार, गृह मन्त्रालयबाट जारी विपद् पीडित उद्धार र राहत सम्बन्धी मापदण्ड अनुसार प्रदेश सरकारले व्यहोर्नु पर्ने दायित्व अनुसार उपलब्ध गराउनु पर्नेछ।

(ङ) पीडित बसोबास गर्दै आएको आवास विपद्का कारण आंशिक क्षति भई मर्मत गर्नु पर्ने अवस्था भएमा मर्मत खर्चका लागि अवस्था हेरी बढीमा पचास हजार रुपैयाँ,

(च) विपद्का कारण कुनै घर पूर्ण रुपमा क्षति भई त्यस्तो घरमा बहालमा बस्ने व्यक्ति वा परिवारको धनमाल क्षति हुन गएमा प्रति परिवार बढीमा पन्ध्र हजार रुपैयाँ,

(२) उपदफा (१) को खण्ड (घ) र (ङ) को प्रयोजनका लागि आवास निर्माण वा मर्मतको लागि रकम उपलब्ध गराउँदा क्षति भएको घरमा जतिसुकै परिवार बसेको भए तापनि एउटा घरको प्रयोजनका लागि मात्र रकम उपलब्ध गराउनु पर्नेछ।

(३) आर्थिक वर्ष २०७८/०७९ र चालु आर्थिक वर्ष २०७९/०८० सुरु देखि कार्यविधि लागु हुने अघिसम्ममा प्रदेशभर पूर्णरुपमा घर क्षति भई मन्त्रालयमा प्राप्त सक्कल निवेदन सहितका कागजात सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा फिर्ता पठाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम फिर्ता भएका कागजातबाट पूर्णरुपमा क्षति भएका घरको संख्या एकिन भई आएमा प्रति घर पचास हजार रुपैयाँका दरले सम्बन्धित जिल्ला प्रशासन कार्यालय मार्फत उपलब्ध गराउनु पर्नेछ।

(५) प्रदेश सरकारको कार्यक्रम अन्तरगतको बीमा कार्यक्रमले सम्बोधन गरेको अवस्थाको विपद्को घटनाका सम्बन्धमा बीमा रकम दावी गर्ने प्रवन्ध मिलाउनु पर्नेछ।

कर्णाली प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

CamScanner

१६. प्रथामिकता दिनुपर्ने: पीडितलाई उद्धार गरी अस्थायी आश्रय स्थलमा राख्दा तथा राहत वितरण गर्दा संकटासन्न अवस्थामा रहेका सुत्केरी महिला, गर्भवती महिला, बालबालिका, जेष्ठ नागरिक, बिरामी तथा अपाङ्गता भएका व्यक्तिलाई पहिलो प्राथमिकता दिनु पर्नेछ।

१७. रकम निकासा र वितरण सम्बन्धी व्यवस्था: (१) दफा १५ बमोजिमको राहत बापतको रकम प्रदेश विपद् व्यवस्थापन कोषबाट व्यहोरिनेछ।

(२) उपदफा (१) बमोजिमको खर्च सम्बन्धित जिल्ला प्रशासन कार्यालयको नाममा निकासा गरिनेछ।

(३) उपदफा (२) बमोजिम निकासा भएको रकम जिल्ला प्रशासन कार्यालयले पीडितले उपलब्ध गराएको बैंक खातामा जम्मा गरिदिनु पर्नेछ।

(४) कोषमा रकम अपुग भएमा आर्थिक मामिला तथा योजना मन्त्रालयवाट थप माग गरी निकासा भए बमोजिम गर्नुपर्नेछ।

१८. अग्रीम अख्तियारी दिन सक्ने: (१) यस कार्यविधिमा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भए तापनि कार्यकारी समितिको निर्णय बमोजिम मन्त्रालयले विपद् पीडितलाई राहत रकम वितरण प्रयोजनको लागि सम्वन्धित जिल्ला प्रशासन कार्यालयलाई अग्रीम रुपमा अख्तियारी प्रदान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रदान गरिएको रकम सम्बन्धित जिल्ला प्रशासन कार्यालयले यस कार्यविधिको अधीनमा रही राहत वितरण गर्नुपर्नेछ र सोको चौमासिक प्रतिवेदन अनुसूची- ३ बमोजिमको ढाँचामा मन्त्रालयमा पठाउनु पर्नेछ।

परिच्छेद-५

विविध

१९. आपतकालीन कार्य सञ्चालन केन्द्रको परिचालन: (१) विपद् व्यवस्थापनमा सूचना प्रणाली व्यवस्थित गर्न संघ, प्रदेश, जिल्ला र स्थानीय तहमा रहेका आपतकालीन कार्य सञ्चालन केन्द्रलाई व्यवस्थित रुपले परिचालन गर्न मन्त्रालयले आवश्यक समन्वय गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रदेश, जिल्ला र स्थानीय तहका आपतकालिन सञ्चालन केन्द्रको संस्थागत क्षमता अभिवृद्धिको लागि मन्त्रालयले आवश्यक कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम समन्वय गर्दा आपतकालीन कार्य सञ्चालन केन्द्रले आफूलाई प्राप्त विपद् सम्बन्धी सूचना उपयुक्त माध्यमद्धारा आदान प्रदान गरी अधिकार प्राप्त अधिकारीलाई तत्काल सूचित गर्नुपर्नेछ।

२०. <u>हवाई साधनको प्रयोग गर्न सक्ने:</u> (१) यस कार्यविधि बमोजिम विपद्का समयमा दफा ६ को उपदफा (३) बमोजिम आपतकालिन राहत सामग्रीको तत्काल ढुवानी गर्नु परेमा र दफा ८ को उपदफा (३) बमोजिमको अवस्थामा उपयुक्त र छरितो साधनकारुपमा हवाइ साधनको प्रयोग गर्नुपर्ने भनी सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट सिफारिस भै आएमा मन्त्रालयले हवाई साधनको प्रयोगका लागि नेपाल सरकार, गृह मन्त्रालयमा अनुरोध पत्र पठाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम गरिएको अनुरोधमा गृह मन्त्रालयबाट कर्णाली प्रदेश सरकारले खर्च ब्यहोर्ने गरी हवाई साधन उपलब्ध गराएको अवस्थामा त्यस्तो कार्यका लागि भएको खर्च कार्यकारी समितिको सिफारिसबाट कर्णाली प्रदेश सरकारको निर्णय बमोजिम मन्त्रालयले कर्णाली प्रदेश विपद् व्यवस्थापन कोषबाट भुक्तानी गर्नुपर्नेछ।

२१. <u>राहत रकम उपलब्ध नगराइने:</u> (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अन्यत्र आवास बनाई स-परिवार स्थायी वा अस्थाई बसाई सरी गएको कारण साविकको घरमा कुनै सदस्यको बसोबास नभई रिक्त रहेको अवस्थामा त्यस्तो रिक्त भएको घर विपद्बाट क्षति भएमा दफा १५ को उपदफा (१) को खण्ड (घ) र (ङ) बमोजिमको रकम उपलब्ध गराइने छैन।

(२) राहतको लागि निवेदन दिने व्यक्तिले उपदफा (१) बमोजिमको अवस्था नभएको स्व: घोषणा गर्नु पर्नेछ।

२२. <u>कारबाही गरिने:</u> कसैले झुट्टा विवरण पेश गरी राहत रकम लिएको व्यहोरा प्रमाणित भएमा प्रचलित कानून बमोजिम कारबाही गरी त्यसरी लिएको रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

२३. <u>सूचना प्रविधिको प्रयोग गर्नसक्ने:</u> यस कार्यविधि बमोजिमका क्रियाकलापहरु सञ्चालनमा सहजता र एकरुपताका लागि मन्त्रालयले सूचना प्रविधिको विकास गरी प्रयोगमा ल्याउन सक्नेछ।

२४. <u>सहयोग लिन सक्ने:</u> यस कार्यविधि बमोजिम विपद् व्यवस्थापनको कार्यसम्पादन गर्दा प्रचलित कानून बमोजिम मन्त्रालयले सरकारी ,निजी क्षेत्र, गैर सरकारी संघसंस्था तथा नागरिक समाजबाट जिन्सी, प्राविधिक तथा व्यवस्थापकिय सहयोग लिन सक्नेछ।

२५. <u>राहत उपलब्ध गराइएको संक्षिप्त व्यहोरा सार्वजनिक गर्नुपर्ने:</u> यस कार्यविधि बमोजिम राहत प्राप्त गर्ने व्यक्ति वा परिवार वा संस्थाको नामावली र प्राप्त गरेको राहतको संक्षिप्त विवरण खुलाई मन्त्रालयले आफ्नो वेभसाइट मार्फत सार्वजनिक गर्नु पर्नेछ।

२६. <u>लेखा तथा लेखापरीक्षण:</u> राहत वितरण गर्ने सम्बन्धित जिल्ला प्रशासन कार्यालयले प्रदान गरिएको राहत रकमको लेखा राखी सोको आन्तरिक र अन्तिम लेखापरीक्षण गराई सोको प्रतिवेदन मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ।

२७. <u>अनुगमन गर्न सक्ने:</u> यस कार्यविधि बमोजिम भएको काम कारबाहीको कार्यान्वयनका सम्बन्धमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र मन्त्रालयले आवश्यकता अनुसार अनुगमन गर्न सक्नेछ।

२८. <u>बाधा अड्काउ फुकाउन सक्ने:</u> यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा कार्यकारी समितिले प्रचलित कानूनको प्रतिकूल नहुने गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

CamScanner

अनुसूची-१

(दफा १२ सँग सम्बन्धित)

**राहत माग गर्ने निवेदनको ढाँचा**

मितिः ........

श्री जिल्ला प्रशासन कार्यालय

.........

विषयः- राहत उपलब्ध गराई पाउँ।

म निवेदक .................. .................... .............बाट पीडित भएकोले "विपद् पीडित उद्धार तथा राहत वितरण सम्बन्धी कार्यविधि, २०७९" बमोजिम देहायका कागजातहरु संलग्न राखी राहत पाउन यो निवेदन पेश गरेको छु। उक्त कार्यविधिको दफा २१ बमोजिमको अवस्था नभएको व्यहोरा समेत अनुरोध छ। यस विवरण झुटा भए कानून बमोजिम सहुँला बुझाँउला।

निवेदक

नामथरः-

ठेगानाः-पालिकाः

वडा नंः- टोलः-

सम्पर्क फोन नम्बरः-

संलग्न कागजात

१) पीडित वा हकवालाको नेपाली नागरिकताको प्रतिलिपि,

२) विपद् पीडित हो भनी विपद्को विवरण खुलेको स्थानीय तहले गरेको सिफारिस,

३) विपद्मा परी मृत्यु भएको भए मृतकको मृत्यु दर्ताको प्रतिलिपि,

४) गम्भीर घाईतेको सम्बन्धमा सरकारी अस्पतालले गरेको सिफारिस,

५) सम्बन्धित पीडित वा नजिकको हकवालाको बैंक खाता विवरण,

६) मृतकको नजिकको हकवालाको नाम, थर र मृतकसँग सम्बन्ध खुल्ने गरी नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपि,

७) अन्य कुनै थप कागजात वा प्रमाण भए सो समेत।

CamScanner

अनुसूची-२

(दफा १३ को उपदफा (१) सँग सम्बन्धित)

<u>जिल्ला प्रशासन कार्यालयले पठाउने क्षतिको विवरण सम्बन्धी ढाँचा</u>

विषयः <u>विवरण पठाइएको सम्बन्धमा।</u>

श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय,
कर्णाली प्रदेश, सुर्खेत।

उपर्युक्त विषयमा "विपद् पीडित उद्धार तथा राहत वितरण सम्बन्धी कार्यविधि, २०७९" बमोजिम आवश्यक रकम निकासाको लागि जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय सहित विपद् पीडितको विवरण देहायबमोजिम पठाइएको व्यहोरा अनुरोध छ।

| मृतकको विवरण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र. स. | मृतकको नाम थर/ठेगाना | मृत्युको कारण/विपद्को प्रकार | नजिकको हकवालको नाम, थर | प्रदान गर्नुपर्ने तोकिएको रकम | तपसिल बमोजिमका कागजात भए वा नभएको खुलाउने (छ/छैन) | | | |
| | | | | | १.मृत्यु दर्ताको प्रमाणपत्र | २.मृतकको हकवाला खुल्ने नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपी | ३.अस्पतालले जारी गरेको मृत्यु प्रमाणपत्र को प्रतिलिपी, | ४.घटनासँग सम्बन्धित स्थलगत मुचुल्का, |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |

| घाइतेको विवरण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र.स | घाइतेको नाम/थर/ठेगाना | घाइते हुनाको कारण/विपद्को प्रकार | नजिकको हकवालाको नाम, थर | प्रदान गर्नुपर्ने तोकिएको रकम | तपशील बमोजिमका कागजात भए वा नभएको खुलाउने (छ/छैन) | | | |
| | | | | | १.घटनासँग सम्बन्धित स्थलगत मुचुल्का, | २.अस्पतालले गम्भीर घाइते हो भनी उल्लेख गरेको विवरण | ३.उपचार गराएको भए अस्पतालको विल/भर्पाई | ४.स्थानीय तहले घाइते सम्बन्धमा गरेको सिफारिस |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |

CamScanner

| घरको क्षति | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | घरधनीको नाम/थर ठेगाना | घर क्षति हुनाको कारण/ विपद्को प्रकार | घरको क्षतिको प्रकार (पूर्ण वा आंशिक) | प्रदान गर्नुपर्ने तोकिएको रकम | तपशील बमोजिमका कागजात भए वा नभएको खुलाउने (छ/छैन) | | | |
| | | | | | १.घटनासँग सम्बन्धित स्थलगत मुचुल्का, | २.स्थानीय तहले घरको क्षति सम्बन्धमा गरेको सिफारिस | घरको क्षतिका कारण मानवीय क्षति भए वा नभएको | घरको हकवाला उल्लेख भए वा नभएको |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |

विवरण पठाउने कर्मचारीको

नाम थर .......................

पद............................

दस्तखत.........................

मितिः ............................

CamScanner

अनुसूची-३

(दफा १८ को उपदफा (२) संग सम्बन्धित)

अग्रिम अख्तियारी प्राप्त जिल्ला प्रशासन कार्यालयले पठाउने क्षतिबापत राहत वितरणको चौमासिक विवरणको ढाँचा

विषयः चौमासिक विवरण पठाइएको सम्बन्धमा।

श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय,
कर्णाली प्रदेशसुर्खेत। ,

उपर्युक्त विषयमा "विपद् पीडित उद्धार तथा राहत वितरण सम्बन्धी कार्यविधि, २०७९" बमोजिम आन्तरिक मामिला तथा कानून मन्त्रालयबाट अग्रीम अख्तियारीका रुपमा प्राप्त रकमको चौमासिक विवरण देहायबमोजिम पठाइएको व्यहोरा अनुरोध छ। साथै जिल्ला विपद् व्यवस्थापन समितिको निर्णयको प्रतिलिपी संलग्न रहेको व्यहोरा समेत अनुरोध छ।

आर्थिक वर्षः .................... को पहिलो/दोश्रो/तेश्रो .....................चौमासिक विवरण

मृतकको विवरण

| क्र.स. | मृतकको नाम थर/ ठेगाना | मृत्युको कारण/विपद्को प्रकार | नजिकको हकवालको नाम, थर | प्रदान गरिएको रकम | तपसिल बमोजिमका कागजात भए वा नभएको खुलाउने (छ/छैन) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | १.मृत्यु दर्ताको प्रमाणपत्र | २.मृतकको हकवाला खुल्ने नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपी | ३.अस्पताले जारी गरेको मृत्यु प्रमाणपत्र को प्रतिलिपी, | ४.घटनासँग सम्बन्धित स्थलगत मुचुल्का, |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |

घाइतेको विवरण

| क्र.स | घाइतेको नाम/थर/ ठेगाना | घाइते हुनाको कारण/विपद्को प्रकार | नजिकको हकवालाको नाम, थर | प्रदान गरिएको रकम | तपशील बमोजिमका कागजात भए वा नभएको (छ/छैन) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | १.घटनासँग सम्बन्धित स्थलगत मुचुल्का, | २. अस्पताललले गम्भीर घाइते हो भनी उल्लेख गरेको विवरण | ३.उपचार गराएको भए अस्पतालको विल/भर्पाई | ४. स्थानीय तहले घाइते सम्बन्धमा गरेको सिफारिस |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |

कर्णाली प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

CamScanner

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |

| घरको क्षति | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | घरधनीको नाम/थर ठेगाना | घर क्षति हुनाको कारण/ विपद्को प्रकार | घरको क्षतिको प्रकार(पूर्ण वा आंशिक) | प्रदान गरिएको रकम | तपशील बमोजिमका कागजात भए वा नभएको खुलाउने (छ/छैन) | | | |
| | | | | | १.घटनासँग सम्बन्धित स्थलगत मुचुल्का, | २.स्थानीय तहले घरको क्षति सम्बन्धमा गरेको सिफारिस | घरको क्षतिका कारण मानवीय क्षति भए वा नभएको | घरको हकवाला उल्लेख भए वा नभएको |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |

<u>विवरण पठाउने कर्मचारीको</u>

नाम थर:...................................

पद:.........................................

दस्तखत:...................................

मितिः :.....................................